मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ १० गते आइतबार ❑ 24 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## भवन सहितको चार रोपनी जग्गा नगर विकास समितिलाई फिर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

अखिल नेपाल ट्रेड युनियन महासङ्घ गण्डकीले लामो समयदेखि उपभोग गर्दै आइरहेको भवनसहित चार रोपनी जग्गा शनिबार फिर्ता गरेको छ।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा पृथ्वीचोकमा रहेको सार्वजनिक जग्गामा महासङ्घले स्वीकृति लिएर पक्की संरचना बनाएको थियो।

पोखरा महानगरपालिका र उपत्यका नगर विकास समितिको सार्वजनिक जग्गा स्वीकृति लिएर वा नलिईकन बनाइएका संरचना खाली गर्नका लागि दिएको ३५ दिने सूचनाको म्याद सकिनु एक दिनअघि महासङ्घले आफूले निर्माण गरेका संरचना बुझाएको हो। ट्रेड युनियन महासङ्घले विसं २०६७ मा करिब रु एक करोड ५३ लाख लागतमा निर्माण भएको १३ कोठे भवनको चाबी शनिबार महासङ्घ गण्डकी प्रदेश अध्यक्ष रुद्र गौतमले उपत्यका नगर विकास समितिका अध्यक्षसमेत रहनुभएका महानगर प्रमुख धनराज आचार्यलाई हस्तान्तरण गर्नुभएको हो।



भवनको साँचो बुझ्दै नगर प्रमुख आचार्यले सार्वजनिक तथा सरकारी स्वामित्वमा रहेको जग्गा संरक्षणका सम्बन्धमा यसलाई सुखद सुरुआतका रूपमा उल्लेख गर्नुभयो। उपत्यका नगर विकास समिति र महानगरपालिकाको अनुरोधलाई समन्वयात्मक ढङ्गले भवनको चाबी बुझाएको महासङ्घप्रति उहाँले आभार व्यक्त गर्नुभयो। पोखरा महानगरपालिका सार्वजनिक तथा सरकारी स्वामित्वमा रहेका जग्गाहरूको संरक्षण गर्दै विकास अभियान सञ्चालन गर्ने कार्यमा प्रतिबद्ध रहेको उहाँले बताउनुभयो। उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको जग्गामा यसरी नै बसोबास वा कार्यालय सञ्चालन गरिरहेका अन्य व्यक्ति वा सङ्घसंस्थाहरूलाई तत्काल खाली गर्न अनुरोध गर्नुभयो।

"पोखरा महानगर सार्वजनिक जमिनको संरक्षण अभियानमा रहेको छ। राज्यका अन्य निकायहरूले समेत सार्वजनिक सम्पत्तिको रक्षाका लागि पटक पटक ताकेता गर्दै आएका छन्," प्रमुख आचार्यले भन्नुभयो।

पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको पृथ्वीचोक र आसपासको जग्गामा विभिन्न सङ्घसंस्था र व्यक्तिहरूले भोग चलन गर्दै आइरहेका छन्। पोखराको पृथ्वी चोकमा व्यवस्थित बसपार्क निर्माणको प्रक्रिया अगाडि बढेकाले सो क्षेत्रसहित महानगर क्षेत्रभित्रको सार्वजनिक जग्गा खाली गर्न महानगरपालिकाले जारी गरेको ३५ दिने सार्वजनिक सूचनाको म्याद शनिबार सकिँदैछ। महानगरले बसपार्कका संरचना खाली गर्नुअघि त्यहाँ बसोबास गरिरहेका भूमिहीन सुकुमवासीको विवरण सङ्कलन गरेको छ। महानगरका अनुसार शुक्रबारसम्मको विवरण सङ्कलनको समयसीमासम्ममा बसपार्कका ५७५ जनाले नाम दर्ता गराएका छन्। यसैबीच, पोखरा महानगरपालिकाले फिर्केखोलाको खोलाघर अतिक्रमण गरी निर्माण गरिएका करिब १६० संरचना जेठ ९ गतेभित्र हटाउन अल्टिमेटम दिएको छ। वडा नम्बर १८ अँधेरीकुनादेखि वडा नम्बर ६ गाईघाटसम्म फैलिएको क्षेत्रमा बनेका स्थायी तथा अस्थायी संरचना हटाउन महानगरले सूचना जारी गरेको हो।

महानगरले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई आवश्यक कागजातसहित विवरण पेश गर्न समेत आग्रह गरेको छ। समयसीमाभित्र संरचना नहटाए महानगर आफैंले डोजर लगाएर हटाउने र त्यसको खर्च सम्बन्धित व्यक्तिबाट असुल गरिने चेतावनी दिएको छ।

## नेपाल पत्रकार महासंघ कास्कीको १८ औं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

नेपाल पत्रकार महासंघ कास्कीको १८ औं साधारण सभा शनिबार पोखरामा भएको छ।

साधारण सभा तथा गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार अर्पण समारोहको गण्डकी प्रदेशका कृषि, भूमि तथा सहकारी व्यवस्था मन्त्री भीम कार्कीले मोफसलमा रहेर पत्रकारिता गर्नेहरूको योगदानको कदर गर्दै उनीहरूको वृत्तिविकासका लागि सरकार सधैँ तत्पर रहेको बताए। उनले भने, 'मोफसलमा रहेर पत्रकारिता गर्नेहरूको योगदानलाई मूल्यांकन गर्ने राष्ट्रिय माध्यमहरू कम छन्, त्यसैले गण्डकी प्रदेश सरकार पत्रकारमैत्री वातावरण निर्माणका लागि पूर्ण रूपमा प्रतिबद्ध छ।' उनले सरकारले पत्रकारिताको विकासका लागि बजेट विनियोजन गर्नेदेखि लिएर विभिन्न तालिमका कार्यक्रमहरू सञ्चालन गरिरहेको जानकारी दिए।

आगामी आर्थिक वर्ष २०८०/८४ को बजेट निर्माणको प्रक्रिया सुरु भइसकेको सन्दर्भमा पत्रकारिता क्षेत्रका लागि आवश्यक योजनाहरू समेटिने उनले विश्वास दिलाए। 'बजेट निर्माणको सन्दर्भमा यहाँहरूका सुझाव, सल्लाह र रायलाई हामी ध्यान दिनेछौँ,' उनले भने, 'प्रेस रजिस्ट्रारको कार्यालय स्थापना गरेर पत्रकारितालाई अझ व्यवस्थित बनाउने हाम्रो कोसिस जारी छ।' पत्रकारिताको धर्म र जिम्मेवारीका बारेमा चर्चा गर्दै उनले समाचार सम्प्रेषण गर्दा सत्य र तथ्यलाई मात्र आधार मान्न आग्रह गरे। 'हामीले प्रश्न सोध्नेदेखि समाचार प्रस्तुतिसम्मका विषयलाई निकै महत्वपूर्ण ढंगले हेर्नुपर्छ,' उनले भने, 'आवेग र उत्तेजनाका भरमा समाचार सम्प्रेषण गर्दा त्यसले समाजलाई सही दिशा दिन सक्दैन, त्यसैले सत्य-तथ्यमा आधारित सूचना मात्रै प्रवाह गर्नुपर्छ।' पत्रकारितालाई राज्यको चौथो अंगका रूपमा लिइने हुनाले यसले सबै क्षेत्रलाई नियमन र मार्गदर्शन गर्नुपर्ने उनको धारणा थियो। उनले सतही अध्ययनले मात्र पत्रकारिता पूर्ण नहुने भन्दै गहिरो अनुसन्धान र चिन्तन आवश्यक रहेको बताए। सोही अवसरमा पत्रकारिताको क्षेत्रमा दशकौँदेखि पुऱ्याएको योगदानको कदर गर्दै लालप्रसाद शर्मा लगायतका व्यक्तित्वहरूलाई सम्मान समेत गरिएको थियो।



कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्ष तथा प्रेस स्वतन्त्रता सेनानी माधव शर्मा, प्रेस स्वतन्त्रता सेनानी नवराज सुवेदी, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, उपाध्यक्ष माधव रेग्मी, गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कारको प्रतिभा छनोट समितिका संयोजक नेपाल पत्रकार महासंघ कास्कीका पूर्वअध्यक्ष नारायण कार्की, पुरस्कार स्थापनाकर्ता सावित्री भण्डारीलगायतले पत्रकारिताको मर्यादासँगै पत्रकारहरूको पेसागत सुरक्षा र हकहितका विषयमा जोड दिएका थिए। सो अवसरमा गजेन्द्र भण्डारी स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०८३ बाट पत्रकार लालप्रसाद शर्मा सम्मानित भएका छन्।

नेपाल पत्रकार महासंघ, कास्कीद्वारा सञ्चालित गजेन्द्र भण्डारी परिवारबाट स्थापित उक्त पुरस्कारबाट पत्रकार शर्मा सम्मानित भएका हुन्। उनलाई गण्डकी प्रदेशका कृषि, भूमि तथा सहकारी व्यवस्था मन्त्री भीम कार्की, पुरस्कार स्थापनाकर्ता भण्डारी परिवार, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराललगायतले नगद २५ हजार रुपैयाँ, सम्मान पत्र र दोसल्लाले सम्मान गरेका हुन्।

नेपाल पत्रकार महासंघ, कास्कीका पूर्वअध्यक्ष नारायण कार्कीको संयोजकत्वमा सदस्यहरु भरत कोइराला, रुपनारायण ढकाल, माधव बराल र भूपाल गुरुङ सदस्य रहेको छनौट समितिले उनको पत्रकार शर्माको नाम सम्मानका लागि सिफारिस गरेको थियो। यसैगरी साधारण सभामा सचिव भूपाल गुरुङको प्रगति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## असन्तुष्ट पक्षलाई समेटेर लान सभापतिलाई नेता शशाङ्कको सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

नेपाली कांग्रेसका नेता एवं पूर्वमहामन्त्री शशाङ्क कोइरालाले पार्टीभित्रका असन्तुष्ट पक्षलाई समेटेर लैजानुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस बृहत एकता र भावि कार्यदिशाको लागि गण्डकी प्रदेशस्तरीय भेला एवं विचार गोष्ठीलाई शनिबार पोखरामा सम्बोधन गर्दै नेता कोइरालाले भन्नुभयो, "पार्टी बलियो भयो भने हामी बच्छौँ, पार्टी कमजोर भए हामी झनै कमजोर हुँदै जान्छौँ।" "मलाई कुनै पद चाहिँदैन पार्टी एक हुनुपऱ्यो," कोइरालाले भन्नुभयो, "पार्टी सभापतिले विचार, कर्तव्य र आचरणले पार्टीलाई एक ढिक्का बनाउनुपर्छ। बिपी कोइरालाले त्यति बेला आफू प्रधानमन्त्री नभई सुवर्णलाई प्रधानमन्त्रीको प्रस्ताव राख्नुभएको उदाहरण दिँदै नेता कोइरालाले गगनकुमार थापा हतारिएर विशेष महाधिवेशनबाट सभापति हुनुभएको टिप्पणी गर्नुभयो। नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य किरण पौडेलले पार्टीभित्र एकताको आवश्यकता महसुस भएको बताउँदै कांग्रेस नियमित महाधिवेशनको पक्षमा थियो एक्कासी विशेष महाधिवेशन गर्नु गलत भएको बताउनुभयो। पूर्वकेन्द्रीय सदस्य एवं पूर्वमन्त्री सरस्वती अर्यालले पार्टीभित्रका दूरदर्शी नेतालाई पन्छाएर पार्टी सभापति गगनकुमार थापा अगाडि जान नमिल्ने बताउँदै पार्टीका सबै नेतालाई समेटेर लान आग्रह गर्नुभयो।



## पोखरा बसपार्कका ५७५ जनाले दर्ता गराए विवरण

**पोखरापत्र संवाददाता**
कास्की, ९ जेठ

पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित प्रशतावित बसपार्कको जग्गामा बसोबास गरिरहेका ५७५ जनाले आफ्नो विवरण महानगरमा दर्ता गराएका छन्।

महानगरले बसपार्कमा बसोबास गरिरहेका सुकुमवासीलाई आफ्नो विवरण तीन दिनभित्र महानगरमा दर्ता गर्नका लागि यही जेठ ६ गते सूचना जारी गरेको थियो। पोखरा महानगरपालिका-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले साँझ तोकिएको समयसम्म बसपार्कमा बसोबास गरिरहेका भूमिहीन दलित, सकुमवासी र अव्यवस्थित बसोबासीले आफ्नो विवरण दर्ता गरेको जानकारी दिनुभयो। महानगरले यसअघि वितरण गरेको निस्साको प्रतिलिपि, घरमूलि र परिवारका सदस्यसहितको विवरण माग गरेको थियो। महानगरले सुकुमवासीसँग माग गरेको विवरणमा घरमूलि सहित परिवारका सदस्यको नामथर,पेशा, शैक्षिक योग्यता र दक्षता, अशक्त, असहाय, बृद्ध वा सुत्केरी र सम्पर्क नम्वर समेत रहेको छ। महानगरले बसपार्कको अतिक्रमित जमिन खाली गर्ने योजनाअनुसार गत वैशाख ३ गते त्यहाँ बसोबास गरिरहेकालाई हट्नका लागि ३५ दिनको सूचना जारी गरेको थियो। सो समय शुक्रबार सकिँदैछ। महानगर प्रमुख धनराज आचार्यले वास्तविक सुकुमवासी पहिचानका लागि विवरण दर्ता अनिवार्य गरिएको बताउनुभयो। उहाँले छानविन गरेर वास्तविकसुकुमवासीकोव्यवस्थापन गरिने बताउनुभयो। "वास्तविक सुकुमवासीको पहिचानको काम अहिले भइरहेको छ। सोहीअनुसार थप विवरण माग गरेका हौँ। बसपार्क निर्माणका लागि सर्वदलिय, सर्वपक्षिय र सरोकारवाला सबैबाट सहयोगको प्रतिवद्धता आएको छ। स्वयम् सुकुमवासीले बसपार्क बनाउनका लागि सहयोग गर्छौं भन्नुभएको छ। वास्तविक सुकुमवासीको व्यवस्थापन गर्छौं र बसपार्क बनाउँछौं," प्रमुख आचार्यले भन्नुभयो। पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि पाँच दशकअघि जमिन छुट्टाइएको थियो। विसं २०३२ मा पृथ्वीचोकमा २०५ रोपनी जग्गामा बसपार्क बनाउने योजना अघि सारिएको थियो।

बसपार्कका लागि जमिन छुट्टाएको ५० वर्षसम्म काम नहुँदा २०५ रोपनी जमिन अहिले आएर २६ रोपनीमा खुम्चिएको छ। बसपार्कको जग्गामा ठूलो सङ्ख्यामा सुकुम्वासी छन्। नगरविकासलेनै पुरानो विमानस्थलबाट विस्थापितलाई बसपार्कको जग्गामा लगेर राखेको थियो। भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सङ्घर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरुङले महानगरले छानविन गरेर वास्तविक सुकुम्वासीलाई उचित व्यवस्थापन गर्नुपर्ने बताउनुहुन्छ।

विकासका लागि आफू कुनै पनि हालतमा बाधक नबन्ने उहाँले बताउनुभयो। गुरुङले भन्नुभयो, "महानगरले विकल्प दिएर हामीलाई व्यवस्थापन गर्नुपर्छ र सुरुमा अधिग्रहण गरिएको २०५ रोपनी पूरै जग्गामा बसपार्क बनाउनुपर्छ भन्ने हाम्रो भनाइ हो।"

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गोकुल वाङ्मय पुरस्कारबाट मोहनविक्रम सिंह सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

गोकुल वाङ्मय पुरस्कारबाट साहित्यकार एवम् समालोचक मोहनविक्रम सिंहलाई सम्मान गरिएको छ।

नेपाली कम्युनिष्ट आन्दोलनका अग्रणी व्यक्तित्व सिंहलाई शनिबार पोखरामा आयोजित समारोहमा नगद ४० हजार र सम्मानपत्रसहित पुरस्कृत गरिएको हो । गण्डकी साहित्य सङ्गमले सञ्चालन गर्ने यो पुरस्कार जनकवि गोकुल जोशीको ९७ औं जन्मजयन्तीको अवसरमा प्रदान गर्ने गरिएको छ। कार्यक्रममा सम्मानित व्यक्तित्व सिंहले गोकुल जोशी नेपालको प्रगतिशील साहित्यको महान् विभूति भएको उल्लेख गरे।

"गोकुल जोशीको नामबाट स्थापना गरिएको पुरस्कारबाट सम्मानित हुनु आफ्ना लागि गौरवको विषय हो," सिंहले भने"जोशीले साहित्य सिर्जनाद्वारा समाज र जीवनमा परिवर्तनका लागि गरेको त्याग हाम्रा लागि




अनुकरणीय छ।" जोशीका रचनामा जीवनको दर्शन र क्रान्तिको उद्घोष पाइने बताउँदै सिंहले जोशीसँग भएका भेटहरुको चर्चा गरेका थिए।

वि.सं. १९९२ मा प्युठानको ओखरबोटमा जन्मिएका सिंहका कविता, काव्य, समालोचना र आख्यानका गरी एक दर्जन कृति प्रकाशित छन्। कार्यक्रममा सम्मानित प्रतिभा मोहनविक्रमको साहित्यिक योगदानमाथि प्रतिभा छनोट समितिका सदस्य प्राडा यदुनन्दन उपाध्यायले प्रकाश पारेका थिए । कार्यक्रममा साहित्यकार डा कृष्णराज अधिकारी, रामराज रेग्मी, रघुनाथ अधिकारी, चन्द्रप्रकाश बानियाँ, शङ्कर बराल, झलकपाणि तिवारी, डा बुद्धिबहादुर थापा, नुमराज बराल लगायतले गोकुल जोशीको जीवनी, व्यक्तित्व तथा कृतित्वका बारेमा चर्चा गरेका थिए। सोही अवसरमा गण्डकी साहित्य सङ्गम, पोखराको आवधिक प्रकाशन 'गण्डकी सङ्गम'को पूर्णाङ्क २२ समेत लोकार्पण गरिएको थियो।

संस्थाका अध्यक्षता भीम रानाभाटले संस्थाले जनकवि जोशीको योगदानलाई चिरस्थायी बनाउन पुरस्कार स्थापना गरेको बताए। विभिन्न साहित्यिक, सांस्कृतिक तथा सामाजिक संघ-संस्थाका प्रतिनिधि, साहित्यकार र शुभेच्छुकहरूको उल्लेख्य उपस्थिति रहेको उक्त कार्यक्रम संस्थाका उपाध्यक्ष पद्मराज ढकालको स्वागत मन्तव्यबाट सुरु भएको थियो।

कार्यक्रमको अध्यक्षता भीम रानाभाटले गर्नुभएको थियो भने सञ्चालन सचिव नारायण मरासिनीले गर्नुभएको थियो । समाजवादी यथार्थवाद धारामा साधना गर्ने स्रष्टालाई प्रोत्साहन गर्न २०५२ देखि यो पुरस्कार प्रदान गर्न थालिएको हो । यो पुरस्कारबाट यसभन्दा पहिले केवलपुरे किसान, खगेन्द्र सङ्ग्रौला, गोविन्द भट्ट, श्यामप्रसाद शर्मा, रमेश विकल, निनु चापागाईं, मोहन वैद्य (चैतन्य), आनन्ददेव भट्ट, घनश्याम ढकाल, मोदनाथ प्रश्रित, हरिहर खनाल, जीवन शर्मा, डा ऋषिराज बराल र ईश्वरचन्द्र ज्ञवाली पुरस्कृत भइसकेका छन्।

# घरबास संचालकलाई आतिथ्यता सत्कार र हाउस किपिङ तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

होमस्टे अर्थात् घरबास संचालन गर्दै आइरहेका लमजुङका महिलाहरुको लागि आतिथ्यता सत्कार,अतिथि कक्ष व्यवस्थापन( हाउस किपिङ) र नृत्यसम्बन्धी प्रशिक्षण सुरु भएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको आयोजना,गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ गण्डकीको सहआयोजना एवं लमजुङको बेसीसहर ४, पुरानकोटमा रहेको सामदायिक होमस्टेको आयोजनामा शुक्रबारबाट ३ दिने तालिम सुरु भएको हो। तालिममा लमजुङका ३ वटा गाउँमा महिलाहरुको सहभागिता रहेको छ। तालिमको शनिबार गण्डकी प्रदेशकी उद्योग तथा पर्यटनमन्त्री यसोदा रिमालले उद्घाटन गरिन् । गाउँमै मान्छे थामिने अवस्था सिर्जना गर्न तथा महिलाहरुलाई आर्थिक उपार्जनको बाटोमा अगाडि बढाउन होम स्टे कार्यक्रमले सघाएको बताइन् । उनले गाउँमा पुग्ने पर्यटकले फर्कँदा त्यही गाउँको उत्पादन लिएर जाने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिइन् । गण्डकी प्रदेश सरकारले यसअघि सुरु गरेका होमस्टेहरुको स्तरोन्नतिको लागि अभियान सुरु भएको पनि उनको भनाइ थियो।

'हामी यसअघि सूचीकृत भएका हो स्टेहरुको स्तरीकरण गर्ने अभियानमा छौं,'मन्त्री रिमालले भनिन्,'स्तरीकरणपछि अभिलेख राखिन्छ। त्यसको डिजिटल प्रचार सामग्री बनाउने हो। अब तपाईंहरु पर्यटक खोज्न जाने हैन, पर्यटक




नै आफूले चाहेको ठाउँ खोजेर आउने अवस्था सिर्जना गर्ने हो।' होम स्टेलाई सहर र विदेश गएका नागरिकलाई गाउँ फर्काउने माध्यम बनाउने दिशामा प्रदेश सरकार अगाडि बढेको पनि उनले सुनाइन्। कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पर्यटकीय गाउँहरुलाई अझ सुव्यवस्थित बनाउन, गाउँले महिलाहरुलाई आतिथ्यता तथा घर चिटिक्क पारेर राख्न सिकाउने उद्देश्यले तालिम आयोजना गरिएको बताए । 'गाउँहरुलाई बजारसँग जोड्ने नै हो, गाउँमा पर्यटक आएपछि खुसी भएर फर्कने गरी आतिथ्यता पस्कन सके त्यो सम्भव छ,'उनले भने,'नेपाल पर्यटन बोर्ड उद्यम गर्न चाहनेहरुको सवलीकरणमा सघाउन सदैव तयार छ।' उद्घाटन कार्यक्रमकी विशेष अतिथि बेसींसहर नगरपालिकाकी उपमेयर पद्मा गुरुङले होम स्टेहरुले नेपालमै बसेर केही हुँदैन भन्नेहरुलाई जवाफ दिइरहेको बताउँदै स्थानीय उत्पादन बढाउने र त्यसको प्रवर्द्धन गर्दै होम स्टेहरु संचालन गरिनुपर्ने धारणा राखिन्। उनले गाउँमा आएका पाहुनालाई स्थानीय परिकार खुवाउनुपर्नेमा जोड दिँदै भनिन्,'गाउँमा आएर उही बेसीसहरमा पाइने बोइलर कुखुराको मासु खुवाएर हुँदैन, गाउँको अर्गानिक उत्पादन खुवाउनु पर्छ ।' त्यसका लागि नगरपालिकाले सघाउने उनको भनाइ थियो । बेसीसहर ४ का वडाध्यक्ष गमबहादुर गुरुङले गाउँसम्म पुग्ने बाटो राम्रो हुँदामात्र होम स्टे फस्टाउने धारणा राखे।

कार्यक्रम तथा भिटोफ गण्डकीकी अध्यक्ष शोभा सापकोटाले होम स्टे नेपाली पर्यटन उद्योगको महत्वपूर्ण खम्बा रहेको बताउँदै त्यसमा संलग्नहरुको सवलीकरणले राष्ट्रिय अर्थतन्त्र नै बलियो बनाउने धारणा राखिन्।

भिटोफका पूर्वअध्यक्ष रवीन्द्र पौडेलले होम स्टे सवलीकरणको लागि राज्यले सघाउनुपर्ने धारणा राखे । भिटोफका उपाध्यक्ष रमेश घिमिरेको संचालन रहेको कार्यक्रममा प्रशिक्षक डा.रामजी शर्मा,पुरानकोट सामुदायिक होम स्टेकी अध्यक्ष कन्याकाशी गुरुङलगायतले मन्तव्य दिएका थिए । नेपाल पर्यटन बोर्डका पूर्व सदस्य टीकाराम सापकोटाका अनुसार तालिमअन्तर्गत स्थानीय होम स्टे संचालकहरुलाई प्रयोगात्मक कक्षाहरु संचालन गरिने छ।

# तनहुँका कार्यालय प्रमुखहरूको संयुक्त कृषि अनुगमन

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ जेठ

तनहुँ जिल्लाका विभिन्न सरकारी कार्यालयका प्रमुखहरूले संयुक्त रूपमा शुक्लागण्डकी नगरपालिकाका विभिन्न वडामा सञ्चालित कृषि फर्म, मौरी पालन केन्द्र तथा घरेलु उद्योगहरूको स्थलगत अनुगमन गरेका छन्।

सरकारी अनुदानबाट सञ्चालन भएका कृषि तथा उद्यमका कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्दै वास्तविक अवस्था बुझ्न अनुगमनलाई तीव्रता दिइएको हो। संयुक्त टोलीले कृषक तथा उद्यमीहरूले सरकारी सहयोगको सदुपयोग गरेका छन् वा छैनन् भन्ने विषयमा प्रत्यक्ष जानकारी लिँदै कृषि क्षेत्रको वर्तमान अवस्था, उत्पादन, बजारीकरण, प्राविधिक चुनौती तथा कृषकले भोगिरहेका समस्याबारे स्थलगत अध्ययन गरेको थियो। अनुगमन टोलीले सबैभन्दा पहिले शुक्लागण्डकी नगरपालिका वडा नं. १ मा रहेको "ॐ कृषि फर्म" को अवलोकन गरेको थियो। उक्त फर्म तनहुँ जिल्लामै व्यवसायिक रूपमा सिप्लीकान, कुरीलो तथा कागती खेती गर्ने एकमात्र फर्मका रूपमा परिचित रहेको जनाइएको छ । नेपालमै दुर्लभ मानिने सिप्लीकान खेतीको व्यवसायिक विस्तारले



स्थानीय कृषि क्षेत्रमा नयाँ सम्भावना सिर्जना गरेको टोलीले जनाएको छ।

अनुगमनका क्रममा फर्म सञ्चालकसँग कृषि उत्पादनको अवस्था, बजार व्यवस्थापन, उत्पादन लागत, श्रमिक व्यवस्थापन तथा प्राकृतिक प्रभावका विषयमा विस्तृत छलफल गरिएको थियो । कृषकहरूले जलवायु परिवर्तन, उत्पादन लागत वृद्धि, बजार अभाव तथा रोग व्यवस्थापन जस्ता समस्या झेलिरहेको जानकारी दिएका थिए। कृषकहरूले कृषि क्षेत्रमा अझ प्रभावकारी सेवा प्रवाहका लागि "कृषि एम्बुलेन्स" को आवश्यकता औंल्याएका थिए। साथै कृषि उत्पादनको उचित मूल्य निर्धारण, बजारीकरणको सुनिश्चितता, कृषकका लागि सामाजिक सुरक्षा कोषको व्यवस्था तथा आधुनिक प्रविधि र प्राविधिक ज्ञानको पहुँच विस्तार गर्नुपर्ने माग समेत राखिएको थियो। त्यसैगरी टोलीले शुक्लागण्डकी नगरपालिका वडा नं. २ मा सञ्चालित दगाम मौरी पालन केन्द्रको समेत निरीक्षण गरेको थियो। मौरी पालन व्यवसायको वर्तमान अवस्था, मह उत्पादन, शुद्धीकरण प्रक्रिया, ब्राण्डिङ तथा बजार विस्तारका सम्भावनाबारे जानकारी लिइएको थियो । व्यवसायीहरूले मौरीपालन क्षेत्रमा प्राविधिक सहयोग, आधुनिक उपकरण तथा बजारीकरणमा थप सहजीकरण आवश्यक रहेको बताएका थिए।

अनुगमन टोलीले वडा नं. ४ दुलेगौंडास्थित कृषि उद्यम विकास कार्यक्रमअन्तर्गत सञ्चालित "शुक्लागण्डकी सातु उद्योग" को पनि अवलोकन गरेको थियो। उद्योगमा प्रयोग हुने कच्चा पदार्थको उपलब्धता, उत्पादन प्रक्रिया, बजार व्यवस्थापन तथा स्थानीय उत्पादनको प्रवर्द्धनबारे उद्यमीसँग छलफल गरिएको थियो । उद्योग सञ्चालकहरूले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न सरकारी स्तरबाट बजारीकरण तथा ब्राण्डिङमा सहयोग आवश्यक रहेको बताएका थिए।

अनुगमन टोलीमा तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारी, अनुसन्धान कार्यालय तनहुँका अनुसन्धान निर्देशक मनोज ढकाल, कृषि विकास कार्यालय तनहुँका प्रमुख परशुराम अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मी लगायतको सहभागिता रहेको थियो । टोलीले कृषक तथा उद्यमीका गुनासा, सुझाव र आवश्यकतालाई सम्बन्धित निकायसम्म पुर्‍याएर कृषि क्षेत्रको विकास, उत्पादन वृद्धि तथा उद्यम प्रवर्द्धनमा आवश्यक पहल गरिने प्रतिबद्धता व्यक्त गरेको थियो।

स्थानीय कृषकहरूले सरकारी निकायका प्रमुखहरू प्रत्यक्ष रूपमा गाउँमै पुगेर समस्या सुन्न थालेपछि आफूहरू उत्साहित भएको बताएका छन्। कृषि क्षेत्रमा देखिएका समस्या समाधानका लागि यस्ता अनुगमन र प्रत्यक्ष संवादले सकारात्मक परिणाम दिने विश्वास स्थानीयवासीले व्यक्त गरेका छन्।

# पाँचौं अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल प्रतियोगिता हुँने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ जेठ

खेलकुदको शहरका रूपमा परिचित पोखरामा विद्यालय तहको फुटबल खेलको विकास गर्ने उद्धेश्यले पाँचौं संस्करणको अन्तरविद्यालय वडाध्यक्ष कप फुटबल प्रतियोगिता २०८२ यही जेठ १२ गतेदेखि आयोजना हुने भएको छ।

पोखराको ड्यामसाइड क्लबको आयोजनामा यही जेठ १२ गतेदेखि १७ गतेसम्म सञ्चालन हुने प्रतियोगिता पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रवर्द्धनमा गण्डकी प्रदेश प्रहरी गण (ड्यामसाइड) को खेल मैदानमा हुने भएको क्लवले जनाएको हो । क्लवले शनिबार पोखरामा आयोजना गरेको टाईसिट प्रकाशन तथा पत्रकार सम्मेलनमा जानकारी दिँदै क्लबका अध्यक्ष रमेश प्रसाद बरालले विद्यालयस्तरबाटै खेलाडी उत्पादन गर्दै फुटबलको ग्रासरुट विकासमा योगदान पुर्‍याउने उद्देश्यले प्रतियोगितालाई निरन्तरता दिएको बताउनु भयो। प्रतियोगितामा वडा नम्बर १७ भित्र रहेका १९ वटा सामुदायिक तथा निजी विद्यालयको सहभागिता रहने भएको छ । छ दिनसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले नगद ३० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले २० हजार रुपैयाँ, तेस्रो हुने टोलीले १० हजार रुपैयाँ र सान्त्वना स्थान हासिल गर्ने टोलीले ५ हजार रुपैयाँसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ। प्रतियोगिताका संयोजक विकास रानाभाटका अनुसार प्रतियोगिताभर प्रत्येक खेलको 'म्यान अफ दि म्याच' घोषित खेलाडीलाई ट्रफी प्रदान गरिनेछ । साथै प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी तथा प्रशिक्षकलाई पनि विभिन्न विधामा पुरस्कृत गरिने भएको छ। "सर्वोत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई विशेष ट्रफी प्रदान गरिनेछ," संयोजक रानाभाटले भन्नुभयो । गत वर्ष सम्पन्न चौथो संस्करणको प्रतियोगिताको उपाधि हिमालयन बोर्डिङ स्कुलले जितेको थियो। पोखरा महानगरपालिका वडा नम्बर १७ का खेलकुद संयोजक तथा वडा सदस्य विक्रम गुरुङले वडामा यही जेठ १२ गतेदेखि एक साता विभिन्न खेलकुद फुटवल सहित व्यडमिन्टन, सडक दौड, बुद्धिचाल प्रतियोगिता, हाजिरी जवाफ लगायतका प्रतियोगिता आयोजना हुने भएको बताउनु भयो। क्लबका पूर्व अध्यक्ष पदम ढकालले ड्यामसाइड क्लबले २०५९ सालदेखि खेलकुद, पर्यटन तथा सामाजिक क्षेत्रमा निरन्तर काम गर्दै आएको बताउनुभयो । क्लबले आफ्नो प्रयासबाट राष्ट्रिय स्तरसम्म पुग्न सफल खेलाडी उत्पादन गरेको दाबी समेत गरेको छ । राजेन्द्र तामाङ, रवि थापा, प्रताप शैजु, बसन्त गौचन, विशन गौचनलगायतका खेलाडीहरू यही क्लबबाट अघि बढ्दै ए डिभिजनसम्म पुग्न सफल भएका छन् । हाल विभिन्न स्तरमा खेलिरहेका करिब २४ जना खेलाडी उत्पादन गर्न क्लब सफल भएको दाबी गरिएको छ।

## नेपाल ...

प्रतिवेदन र कोषाध्यक्ष राजाराम पौडेलको आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । सहभागी सदस्यहरुले प्रतिवेदनमाथि छलफल गर्दै पत्रकारिता क्षेत्रमा देखिएका समसामयिक चुनौतीहरू, प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारका समस्या समाधानका लागि महासंघ अझ सक्रिय हुनुपर्ने सुझाव दिएका थिए । साधारण सभाले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई लोकतन्त्रको अनिवार्य सर्तका रूपमा स्वीकार गर्दै यसको रक्षाका लागि दृढ प्रतिबद्धता व्यक्त गरेको हो । जेन्जी आन्दोलनपछि बनेको वर्तमान सरकारको विज्ञापन नीतिप्रति कडा असन्तुष्टि पनि जनाएको छ । सरकारी विज्ञापनलाई केवल सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र केन्द्रित गर्ने निर्णयले स्वतन्त्र प्रेसलाई कमजोर बनाउने र निजी तथा स्वरोजगारमूलक मिडियालाई विस्थापित गर्ने भन्दै महासंघले यो निर्णय तत्काल फिर्ता लिन सरकारसँग साधारण सभाले माग गरेको छ।

महासंघले संघीय, प्रदेश र स्थानीय सरकारलाई समानुपातिक विज्ञापन नीति अवलम्बन गर्न र आलोचनात्मक पत्रकारितालाई लोकतन्त्रको अंगका रूपमा स्वीकार गर्न आग्रह गरेको छ । सञ्चार क्षेत्रलाई थप समावेशी बनाउनुपर्नेमा जोड दिँदै उक्त सभाले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम र अपाङ्गता भएका व्यक्तिहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न माग गरेको छ। बदलिँदो डिजिटल परिवेश र कृत्रिम बौद्धिकता (एआई) को विकासले पत्रकारितामा अवसर र चुनौती दुवै थपेको भन्दै पत्रकारलाई प्रविधिमैत्री र तथ्यपरक बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता सभाले औंल्याएको छ। पत्रकारको आर्थिक र सामाजिक सुरक्षाको सवालमा महासंघले श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिकको पूर्ण कार्यान्वयनका लागि दबाब दिएको छ । न्यून पारिश्रमिक र रोजगारीको असुरक्षाका कारण पत्रकारहरू संकटमा परेको निष्कर्ष निकाल्दै सबै सञ्चार प्रतिष्ठानलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध हुन आह्वान गरिएको छ। साथै, प्रदेश सरकारले विनियोजन गरेको पत्रकार कल्याण कोषको रकम महासंघलाई हस्तान्तरण गर्न र संयुक्त समिति मार्फत कोष सञ्चालन गर्न समेत माग गरिएको छ। साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यम आर्थिक मन्दी र सरकारी विभेदका कारण अस्तित्वको संकटमा परेको भन्दै सभाले तिनको संरक्षणका लागि विशेष नीति ल्याउन आग्रह गरेको छ । मिडिया दर्ता र नवीकरणका लागि काठमाडौं जानुपर्ने झन्झटिलो व्यवस्था अन्त्य गरी प्रदेशको प्रेस रजिस्ट्रार कार्यालयबाटै सेवा प्रवाह गर्न महासंघले जोडदार माग गरेको छ। पोखरालाई मुलुकको पर्यटकीय राजधानी घोषणा गरिएको सन्दर्भमा सभाले पर्यटकीय पूर्वाधारको विकास र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि राज्यको ध्यानाकर्षण गराएको छ । पर्यटन प्रवर्द्धनमा सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने भन्दै पर्यटन र सञ्चार क्षेत्रबीच सहकार्य बढाउनुपर्नेमा जोड दिइएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# सगरमाथा आरोहण बढ्दो

यस वर्ष विश्व सर्वोच्च शिखर सगरमाथामा आरोहण गर्ने संख्या बढ्दै गएको छ । यस वर्षको वसन्तकालीन सगरमाथा आरोहण सिजनमा गाइडसहित शुक्रबारसम्म ७८३ जनाले सगरमाथाको सफल आरोहण गरेका छन् । आरोहण गतिविधि वैशाख ३१ गतेदेखि सुरु भएको थियो । वसन्तकालीन आरोहण जेठ १५ सम्म सञ्चालन हुनेछ । एक दुई जनाले मात्र मेहनत गरेर् चढ्ने सगरमाथा अहिले सम्मको आरोहण गर्ने चलन अहिले दैनिक सयौं हुनु साहसिक काम हो ।

पर्वतारोहण सञ्चालक संघका महासचिव ऋषि भण्डारीका अनुसार यस अवधिमा सबैभन्दा धेरै आरोहण बुधबार भएको थियो । उक्त दिन मात्रै आरोहण दलका सदस्य र तिनका गाइडसहित २ सय ७४ जनाले सफलतापूर्वक सगरमाथाको शिखर चुमेका थिए । सगरमाथामा आरोहण त्यसपछि बिहीबार १ सय ८७ जना र शुक्रबार १ सय जनाले शिखर पुगेको संघले जनाएको छ । यस वर्षको आरोहण सिजनले विभिन्न नयाँ कीर्तिमानसमेत बनाएको छ । पर्यटन विभागले सगरमाथाका लागि मात्रै ४९५ जनालाई आरोहण अनुमति जारी गरेको थियो । विभागले आरोहणमा जाने आरोहण दलका सदस्यसँग जाने सहयोगी शेर्पालाई सलामी दस्तुर नलिई अनुमति जारी गर्छ । यसपटक जारी आरोहण अनुमति हालसम्मकै उच्च हो । सगरमाथामा पहिलो सफल आरोहण सन् १९५३ मा एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले गरेका थिए ।

विभागले २०२६ मार्च १ देखि वसन्तकालीन आरोहण अनुमति खुला गरेको थियो । मे २१ सम्म ३० वटा हिमालका लागि कुल १ हजार १ सय ५७ जना आरोहीलाई अनुमति जारी गरिएको विभागले जनाएको छ । यसबाट सरकारले १ अर्ब २४ करोड रुपैयाँभन्दा बढी रोयल्टी राजस्व संकलन गरेको छ । जसमध्ये सगरमाथाबाट मात्रै १ अर्ब ७ करोड रुपैयाँ राजस्व प्राप्त भएको विभागको तथ्यांकमा उल्लेख छ । यसपटक सगरमाथा आरोहणका क्रममा ज्यान गुमाउनेको संख्या ७ पुगेको छ । तीमध्ये ५ जनाको सगरमाथामा तथा २ जनाको मकालु हिमालमा मृत्यु भएको हो । मृत्यु हुनेमा ३ नेपाली र ४ विदेशी नागरिक रहेका छन् । विदेशीमध्ये २ भारतीय, १ चेक रिपब्लिकका नागरिक र १ अमेरिकी रहेका छन् ।

यसैबीच, सगरमाथामा सर्वाधिक ३२औं पटक आरोहण गरेर नयाँ कीर्तिमान बनाएका कामीरिता शेर्पा शुक्रबार काठमाडौं फर्किसकेका छन् । त्यस्तै, महिलातर्फ सर्वाधिक ११औं पटक सगरमाथा आरोहण गर्ने लाक्पा शेर्पा शनिबार काठमाडौं आइपुगेकी छन् । उनलाई नेपाल पर्वतारोहण संघका अध्यक्ष फुर ग्याल्जे शेर्पासहित पदाधिकारीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए ।

त्यसैगरी, यस वर्ष छैटौं पटक सगरमाथा आरोहण गरेकी फोटो पत्रकार तथा आरोही पूर्णिमा श्रेष्ठ पनि शनिबार काठमाडौं फर्किएकी छन् । उनलाई नेपाल पर्वतारोहण संघ तथा उनी आबद्ध सातोरी एड्भेन्चर्सका सञ्चालक एवं पर्वतारोहण सञ्चालक संघका महासचिव ऋषि भण्डारीले आन्तरिक विमानस्थलमा स्वागत गरेका थिए । यस वर्ष सगरमाथाको दक्षिणी मोहोडाबाट भएको आरोहणले नयाँ इतिहाससमेत बनाएको छ । सन् २०१९ को मे २२ मा नेपाली मोहोडाबाट २ सय २३ जनाले शिखर चुमेको पुरानो रेकर्ड यस वर्ष तोडिएको हो । त्यसबेला तिब्बती मोहोडाबाट १ सय ३१ जना आरोही शिखर पुगेका छन । सगरमाथा आरोहणले सकारात्मक प्रभाव पार्न सक्छा सरकारले आरोहण प्रबृत्ति बढ्दो छ । सरसफाइमा ध्यान दिएर काम गरेमा अझै आकर्षण हुन सक्नेछ ।

# मिस्त्रीखोलामा माछा पाइन छाडे

पोखरापत्र संवाददाता
म्याग्दी, ९ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ भएर बग्ने मिस्त्रीखोलामा माछा पाइन छाडेका छन् ।

जलविद्युत आयोजना निर्माण भएपछि मिस्त्रीखोलामा पानीको सतह घट्न घट्दा त्यसको असर माछालगायत जलचरमा परेको हो । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको बाँसबोटका अविन चोचाङ्गीले खोलामा बग्ने पानी जलविद्युत् आयोजनाको बाँधदेखि सुरुङमार्फत विद्युत्गृहमा पुग्न थालेपछि माछा, पाहा पाइन छाडेको बताउनुभयो । "पहिले मिस्त्रीखोलामा प्रशस्त माछा, पाहा पाइन्थ्यो, पानी सुकेपछि अहिले पाइन छाड्यो," उहाँले भन्नुभयो "खोलामा भएको १० प्रतिशत पानी छाडेपनी सतह घटेपछि माछालगायत जलचरले बासस्थान छाड्दा रहेछन् ।" विस २०७७ मा ४२ मेगावाट क्षमताको मिस्त्रीखोला जलविद्युत् आयोजना निर्माण भएपछि नारच्याङ्को दोभिल्नादेखि कालीगण्डकीको दोभानसम्म हिउँदको मङ्सिरदेखि जेठ महिनासम्म मिस्त्रीखोलामा न्युन मात्रामा पानी बग्ने गर्छ । बाँसबोट, नारच्याङ, पटार टोलका बासिन्दाले मिस्त्रीखोलामा माछा मार्ने गरेका थिए । अन्नपूर्ण र निलगिरि हिमालको फेदीबाट बगेर आउने चिसो पानीमा हुर्किएका मिस्त्रीखोलाका असला माछाको प्रमुख बजार पर्यटकीयस्थल भुरुङ्ग तातोपानी हो । स्थानीय माछाले माग धान्न नसकेपछि बाहिरबाट मगाउनुपरेको होटल ब्यवसायी अमृतमान शेरचनले बताउनुभयो । असला माछाको स्थानीय बजार भाउ प्रतिकिलोग्राम रु एक हजार ५०० देखि एक हजार ७०० रहेको छ । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका वडा अध्यक्ष लोकबहादुर फगामीले जलविद्युत् आयोजनाबाट भौतिक पूर्वाधार र आर्थिक हिसाबले फाइदा पुगेपनि नदीमा पाइने जलचर पाइन छाडेको, पानीका परम्परागत मुहान सुकेर वैकल्पिक ब्यवस्था मिलाउनुपरेको र वन्यजन्तुले बासस्थान छाड्ने असर देखिएको बताउनुभयो । "हाइड्रो आएपछि सडक यातायात सुविधा, स्थानीय पूर्वाधार आयोजनामा सहयोग, प्रभावितलाई सेयर लगानीको अवसर मिल्नुका साथै केही नकारात्मक असर पनि देखिएका छन," उहाँले भन्नुभयो "सबैभन्दा ठूलो असर माछालगायत जलचर पाइन र नजिकका जङ्गलमा वन्यजन्तु देखिन छाडेका छन् ।" नियमअनुसार १० प्रतिशत पानीलाई खोलामा छाड्न लगाइएको र समय समयमा अनुगमन तथा निगरानी गरिएको वडा अध्यक्ष फगामीले बताउनुभयो । यहाँ ७१ मेगावाटको निलगिरि, ३८ मेगावाटको निलगिरि पहिलो, ४२ मेगावाटको मिस्त्रीखोला, पाँच मेगावाटको घलेम्दीखोला, छ दशमलब पाँच मेगावाटको रेलेखोला जलविद्युत् आयोजना निर्माण सकिएर सञ्चालनमा आएका छन् । ६६.५ मेगावाटको मध्य कालिगण्डकी र नौ दशमलब १२ मेगावाटको सुपर घलेम्दी निर्माणाधिन छन् । १८४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना निर्माणको तयारीमा छ । १२ मेगावाट क्षमताको मिस्त्रीखोला 'क्यासकेड' सर्वेक्षणको प्रक्रियामा छ ।

# मुस्ताङको लोमान्थाङमा नेपाल-चीन सुरक्षा समन्वय बैठक

पोखरापत्र संवाददाता
मुस्ताङ, ९ जेठ

नेपाल-चीन सीमा सुरक्षा समन्वयात्मक बैठक शुक्रबार उपल्लो मुस्ताङको लोमान्थाङमा सम्पन्न भएको छ ।

चीनको तिब्बतस्थित झोङ्बा काउन्टी सार्वजनिक सुरक्षा ब्युरो र नेपालतर्फ मुस्ताङका स्थानीय सुरक्षा अधिकारी तथा जनप्रतिनिधिहरुबीच उपल्लो मुस्ताङको लोमान्थाङस्थित एक होटलमा दुई देशबीचको संयुक्त सीमा सुरक्षासम्बन्धी समन्वयात्मक बैठक बसेको हो । मुस्ताङको कोरलानाकास्थित लोमान्थाङ गाउँपालिका-५ लोमान्थाङमा आयोजित (नेपाल-चीन) संयुक्त सीमा सुरक्षा समन्वयात्मक बैठकमा झोङ्बा काउन्टी सार्वजनिक सुरक्षा ब्युरोका आठ जना चिनियाँ प्रतिनिधिमण्डलको सहभागी रहेको थियो । चिनियाँ प्रतिनिधिमण्डलमा झोङ्बा काउन्टीका जनसरकारका उपकाउन्टी प्रमुख डुन्जु युजिए, सुरक्षा ब्युरोका निर्देशक लोयिङ, काउन्टीका सुरक्षा ब्युरोका वैदेशिक सम्पर्क अधिकृत सिरेन झाशी र झोङ्बा काउन्टी सार्वजनिक सुरक्षा ब्युरोका पाँच जना कर्मचारीहरुको उपस्थिती रहेको थियो । यता, नेपालतर्फबाट मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्मा, प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामा, सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरी लगायतको उपस्थिती. रहेको छ । यसैगरी नेपाल-चीन संयुक्त सीमा सुरक्षा समन्वयात्मक बैठकमा लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट र लोमान्थाङ गाउँपालिका उपाध्यक्ष छ्यूमी विष्टलगायतको उपस्थिति रहेको थियो । लोमान्थाङमा आयोजित नेपाल-चीन संयुक्त सीमा सुरक्षा बैठक दुईपक्षीय आपसीहितका विषयमा छलफल भएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो । प्रजिअ शर्माले कोरलानाका क्षेत्रको सीमा सुरक्षा, कोरला नाकाको सीमा सुरक्षा आवागमनमा कसरी सहज बनाउने र सीमाक्षेत्रमा हुनसक्ने सम्भावित अपराध, चोरी तस्करी र अवान्छित गतिविधिहरुको नियन्त्रणमा कसरी भूमिका खेल्नेलगायतका विषयमा मौखिक छलफल भएको बताउँनुभयो । यसैगरी आगामी दिनमा दुई देशबीचको स्थानीय जनसरकार र प्रशासनबीचको सम्वन्धलाई थप प्रभावकारी र परिस्कृत तुल्याउँदै लैजाने भन्ने विषयमा छलफल भएको प्रजिअ शर्माले उल्लेख गर्नुभयो । यसैगरी लोमान्थाङमा आयोजित (नेपाल-चीन) संयुक्त सुरक्षा समन्यात्मक बैठकको सहजीकरण लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले गर्नुभएको थियो । नेपाल-चीन कोरलास्थित सीमावर्ती दुईदेशबीचको स्थानीय जनसरकार र प्रशासनबीचको सुमधुर सम्बन्धलाई सुधार गर्दै थप परिस्कृत बनाउँदै लैजाने मौखिक सहमति भएको गाउँपालिका अध्यक्ष बिष्टले उल्लेख गर्नुभयो । सीमा क्षेत्रमा देखिएका समस्या र चुनौतीहलाई दुई देशका स्थानीय सुरक्षा अधिकारी र जनप्रतिनिधिहरु मिलेर आपसी समन्वय र सहकार्य गर्दै जाने प्रतिबद्धता जनाइएको छ । नेपाल-चीन उत्तरी कोरलास्थित नेपाल-चीनका सुरक्षा अधिकारी र स्थानीय जनतिनिधिहरुबीच बर्सेनि आलोपालो समन्वयात्मक बैठक बस्ने प्रचलन छ । चालु वर्षको भदौ महिनामा चीनको स्वशासित क्षेत्र तिब्बतको झोङ्बा काउन्टीमा नेपाल-चीन संयुक्त सुरक्षा समन्वयात्मक बैठक सम्पन्न भएको थियो । यस प्रकारको बर्सेनि हुने नेपाल-चीन संयुक्त सुरक्षा अधिकारीहरुबीचको छलफलले दुई देशबीचको समन्धलाई थप प्रभावकारी बनाउने र यसले एकअर्काबीचका मित्रतालाई प्रगाढ तुल्याउने विश्वाश गरिएको छ ।

# विद्यार्थीलाई हिमालय क्लवको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ९ जेठ



पोखरा महानगरपालिका वडा नं. १६ को गर्लाङमा रहेका सरकारी विद्यालयका विद्यार्थीलाई स्टेशनरी सामाग्री प्रदान गरिएको छ ।

पोखराको अग्रणी सामाजिक संस्था हिमालय क्लव, बाटुलेचौरले एक कार्यक्रमको आयोजना गरी त्यस क्षेत्रका तीनवटा विद्यालयका विपन्न तर जेहेन्दार २५ जना विद्यार्थीलाई स्टेशनरी सामाग्री प्रदान गरिएको क्लवले जनाएको छ । सो सामाग्री वडा सदस्य राजकुमारी बानियाँ,क्लवका मानार्थ सदस्य बेनीबहादुर बस्नेत, सल्लाहकार दुर्गा केसी थापा र क्लवका पुर्व अध्यक्ष सुशील बस्नेतले हस्तान्तरण गरे । कार्यक्रममा बोल्दै क्लवका अध्यक्ष मोहनबहादुर थापाले विपन्नता कै कारण कुनै पनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित हुन नहुने बताए । उनले संस्थाले गरेका कार्यहरुको जानकारी गराउँदै, सहयोगले विद्यार्थीको मनोबल बढाउने अपेक्षा गरे ।

सो अवसरमा पुर्व अध्यक्ष गंगाबहादुर बस्नेत, झुर्पाङकोट आधारभुत विद्यालयका शिक्षक आकृति परियारलगायतले क्लवले सामाजिकसहित शिक्षा र स्वास्थ्यका क्षेत्रमा गरेको योगदानको प्रशंसा गरे । संयोजक क्लवका सदस्य रामशरण बानियाँको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सहसचिव मनु बस्नेतले गरेकी थिईन् ।त्यहाँका झुर्पाङकोट आधारभुत विद्यालय, शान्ति मावि र ज्ञानज्योति माविका विद्यार्थीलाई करिब ३० हजार बराबरको सामाग्री वितरण गरिएको थियो ।

# अघि बढ्यो लमजुङ दरबारको पुनर्निर्माण

रासस
लमजुङ, ९ जेठ

निर्माण अलपत्र परेको १५ महिनापछि लमजुङ दरबारको पुनर्निर्माण अघि बढेको छ । लमजुङ बेँसीसहर नगरपालिका-३ गाउँ सहरस्थित समुद्री सतहबाट एक हजार ४४५ मिटर उचाइमा अवस्थित लमजुङ दरबारको पुनर्निर्माण एक हप्ताअघिदेखि पुनः अघि बढेको हो ।

विसं २०८१ माघदेखि निर्माण ठप्प रहँदै आएकामा यतिबेला कामले पुनः गति लिन थालेको हो । पुरातत्व विभागका इन्जिनियर गोविन्द अधिकारीले बजेट अभाव, बोलपत्र आह्वानलगायत कारणले दरबारको काम ठप्प रहँदै आए पनि गत वैशाख २० गतेदेखि पुनर्निर्माण अघि बढेको बताउनुभयो । चालु आर्थिक वर्षमा विनियोजित बजेटको काम निर्धारित समयमा सम्पन्न गर्न ठेक्का लागेको रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत जरिवाना दैनिक तिरेर काम गर्न सकिने उहाँले जानकारी दिनुभयो ।

पुरातत्व विभागका इन्जिनियर अधिकारीका अनुसार रु ४२ लाखमा ठेक्का सम्झौता भएको हो । अहिले दरबारमा रहेका पुरानो र नयाँ काठ छुट्याउने, पर्खाल निर्माण गर्नेलगायत काम भइरहेको पुरातत्व विभागले जनाएको छ। सम्झौताअनुसार यही जेठ १५ गतेसम्म सो बजेटको काम सम्पन्न गरिसक्नुपर्नेछ । गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले यस दरबारको पुनर्निर्माणले गति लिन थालेको बताउँदै चालु आवको बजेटको काम ढिलाइ भए पनि काम सुरु भएकामा खुसी व्यक्त गर्नुभयो । "लामो समयदेखि निर्माण रोकिएको थियो, अहिले सुरु भएको छ हामी स्थानीयमा केही आशा पलाएको छ", उहाँले भन्नुभयो । दुई वर्षमा सक्नेगरी निर्माण अघि बढाइए पनि यतिका वर्षसम्म पुनर्निर्माण सम्पन्न हुन सकेको छैन । बेँसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले भन्नुभयो, "यहाँ दरबारको निर्माण सम्पन्न गर्न धेरै ढिलाइ भइरहेको छ, हामीले पटकपटक केन्द्रीय सरकारलाई पत्राचार गर्दै आएका छौं तर समाधान भएको छैन । यसको सबै जिम्मा र दायित्व केन्द्रीय सरकारको हो । नगरपालिका र गण्डकी प्रदेश सरकारले केही वर्षअघि गेट निर्माण, पर्खाल, ढुङ्गाको सिँढी निर्माण गरेका थियौं ।" दरबारको पुनर्निर्माण ढिलाइ हुनुमा केन्द्रीय सरकारको बेवास्ता रहेको उहाँको भनाइ छ । काम अपलत्र परेपछि पर्यटन आगमन घट्नुका साथै स्थानीयको आयआर्जनमा कमी आएको, धार्मिक महत्त्व घट्नुका साथै यसको अस्तित्व हराउँदै जान सक्ने जोखिम पनि बढेकाले शीघ्र आवश्यक बजेट विनियोजन गरेर निर्माण सम्पन्न गर्नेतर्फ सरोकार भएका निकायले चासो दिनुपर्ने नगरप्रमुख अर्यालले जोड दिनुभयो । विभागका इन्जिनियर अधिकारीका अनुसार दरबारको केही पर्खाल लगाउने, कालिका मन्दिरको पर्खाल लगाउने, छाना हाल्ने, छानामा हाल्ने काठ राख्न, गजुर राख्न, दरबारभित्र प्लाष्टर, झ्याल ढोकाका खापा, रङरोगन, भुइँमा गर्नुपर्ने काम बाँकी छ । विभागका अनुसार चालु आवको बजेटले पनि पुनर्निर्माण सम्पन्न नहुने जनाउँदै उक्त रकमले माथिल्लो भागमा पर्खाल लगाउने, छानोका लागि काठ राख्ने, त्यहाँ रहेका काठको जाँच गर्नेलगायत कार्य मात्रै सम्पन्न हुनेछ । उहाँका अनुसार गत आव २०८१/८२ मा भ्याटसहित रु ६० लाख बजेट प्राप्त भएको र स्टेमेन्ट गरेर ३५ लाख १७ हजार ८६६ रुपैयाँ तीन पैसामा शिल्पकार निर्माण सेवा, सूर्यविनायक-८ भक्तपुरले निर्माण सम्झौता गरेर काम गरेको थियो । आव २०७९/८० मा रु एक करोड ३३ लाख बजेटबाट पुनर्निर्माण सुरु गरिएकामा आव २०८०/८१ मा सरकारले रु ५० लाख बजेट छुट्याएको थियो । पहिलो वर्ष भक्तपुरको निर्माण कम्पनी एनपिएस र दोस्रो वर्ष भक्तपुरकै आरजीएस/विष्णु जेभीले दरबार पुनर्निर्माणको जिम्मा पाएको थियो । पुरानै शैली र स्वरूपमा दरबारको पुनर्निर्माण भइरहेको छ । दरबार बुइँगलसहित तीनतले र कालिका मन्दिर प्यागोडा (छाने शैली)को बन्नेछ । दरबार बनाउन चाहिने इँटा, काठ, सुर्कीलगायत निर्माण सामग्री भक्तपुरबाट ल्याएर प्रयोग गरिएको छ । दरबार व्यवस्थापन समितिका अनुसार दरबार १६ रोपनी क्षेत्रफलमा अवस्थित छ । शाहवंशीय राज्यकालको उद्गमथलो लमजुङ हो भने, त्यसैको विरासत हो लमजुङ दरबार । कास्कीकोटका राजा कुलमण्डलका माइला छोरा कालु शाहलाई विसं १५४० मा लमजुङका खजेदुरा, सुकराम क्याउसा, माघे दुरा, कुश्माखर घिमिरे र लक्ष्मण दुराले लमजुङको पहिलो चौबिसे राज्यका राजा बनाएका थिए । त्यसको केही समयमै लमजुङमा शासनको बागडोर सम्हालेका तत्कालीन घले राजाका सेनाले कालु शाहको हत्या गरिदिएको इतिहासमा उल्लेख छ ।

उक्त घटनापछि उहाँहरूले नै कुलमण्डलका कान्छा छोरा यशोबह्म शाहलाई पुनःकास्कीकोटबाट ल्याएर राजकाज अघि बढाएका थिए । यशोबह्मलाई १५ असार रविबारका दिन १५ घडीको सिंह लग्नमा विसं १५५० मा राजगद्दीमा बसाइएको शिलालेखमा उल्लेख छ । यशोबह्म राजाको मृत्युपश्चात् उहाँको जेठा छोरा नरहरि शाह १५९८ सालमा राजा भए । उनीपछि क्रमशः चूडा शाह विसं १६४५, अचित शाह विसं १६६२, नरेन्द्र शाह विसं १६९३, केहरिनारायण शाह विसं १७३३, भीम शाह विसं १७९४, रिपुमर्दन शाह विसं १७९८ र वीरमर्दन शाह विसं १८०२-१८३९ गरी नौ पुस्ताले सो दरबारबाट शासन चलाएका थिए । लमजुङका अन्तिम राजा वीर शाह थिए । विसं १८३९ कात्तिक १९ गतेसम्म शाहवंशले लमजुङ दरबारमा राजा भएर राजगद्दी सम्हालेको इतिहासमा पढ्न पाइन्छ । यहाँ राजाहरूको पालामा पूजा गर्दै आएको लमजुङ कालिका मन्दिरमा बर्सेनि चैते दसैँ र फूलपातीको दिन ठूलो मेला लाग्ने र सरकारी बलिसमेत दिने गरिन्छ । लमजुङ बेँसीसहर बजारबाट आठ किलोमिटर टाढा यो दरबार अवस्थित छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.२२ खाल्सेमा उपल्लो खाल्से सिढी बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः उपल्लो खाल्से सिढी बाटो निर्माण
ठेगानाः पोखरा-२२, खाल्से
योजना सम्झौता मिति : २०८२/०९/१४ गते
योजना सुरु मितिः २०८२/०९/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/१५ गते
योजनाको कुल लागतः रु. ५,५५,९४०.३७
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५५,९४०.३७
उपभोक्ता समिति अध्यक्षः अनिता कुँवर
सम्पर्क नं.ः ९७००६५२२७६
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ५ पुरुषः २ जना

**उपल्लो खाल्से सिढी बाटो निर्माण उपभोक्ता समिति पोखरा-२२, खाल्से**

# जब फेवातालमा डुङ्गा पल्टियो...

**राम थापा र ऋषिराम बराल**
गण्डकी, ९ जेठ/रासस

मदिरामा लठ्ठिएका युवाहरू होहल्ला गर्दै डुङ्गामा सवार थिए । यत्तिकैमा विपरीत दिशाबाट बत्तिदै आएको मोटरबोट डुङ्गालाई ठक्कर दिँदै अगाडि बढ्यो । डुङ्गामा सवार युवाहरू फेवातालमा डुबे । कोही पौडेर बच्ने प्रयास गर्दै थिए । कोही 'बचाउ, बचाउ...' भन्दै चिच्चाइरहेका देखिन्थे ।



डुङ्गा पल्टेको खबर पाउँनासाथ सुरक्षाकर्मीको उद्धार टोली मोटरबोटमा घटनास्थलमा आइपुग्यो । सुरक्षाकर्मील यात्रुको तत्काल उद्धार गरे । प्राथमिक उपचारपछि थप स्वास्थ्य जाँचका लागि ताल यात्रुलाई अस्पताल पुऱ्याइयो ।

दुर्घटनामा परी तालमा हराइहेका एक जनालाई गोताखोर टोलीले उद्धार गऱ्यो । ज्यानको पर्वाह नगरी तालमा हेलिएका उद्धार टोलीले यात्रुको जीवन बचाएका थिए । यो काल्पनिक घटना-दृश्य पोखराको फेवातालको हो । जिल्ला प्रशासन कार्यालय, कास्कीले आज बसुन्धरा उद्यान नजिक फेवाताल किनारमा जलउत्पन्न विपद् घटनाको उद्धारसम्बन्धी संयुक्त अभ्यास गरेको हो । नेपाली सेनाको कृष्णदल गण, जिल्ला प्रहरी कार्यालय, कास्की र सशस्त्र प्रहरी बल नेपाल नं २४ गणसँगको सहकार्यमा नमुना उद्धार अभ्यास गरिएको प्रमुख जिल्ला अधिकारी रूद्रादेवी शर्माले जानकारी दिनुभयो । विपद् प्रतिकार्य नमुना अभ्यासअन्तर्गत जलउत्पन्न विपद्सम्बन्धी उद्धार अभ्यास गरिएको उहाँको भनाइ छ । तीनवटै सुरक्षा निकायका विपद् व्यवस्थापन समूहअन्तर्गत रहेका गोताखोर, रोप उद्धारकर्तालगायत सुरक्षाकर्मीको उक्त अभ्यासमा सहभागिता थियो । सुरक्षाकर्मीलाई विपद्जन्य उद्धार कार्यमा दक्ष र सीपयुक्त बनाउन नमुना अभ्यास आयोजना गरिएको हो । नमुना अभ्यासले विपद् न्यूनीकरण तथा व्यवस्थापनमा जनस्तरमा सचेतना अभिवृद्धि हुने विश्वास लिइएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्रागड्त बरालले बताउनुभयो । जिल्ला विपद् व्यवस्थापन समितिले समुदायस्तरमा विभिन्न तालिम तथा सचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ । विपद्जन्य घटनाबाट हुने क्षति न्यूनीकरणमा नमुना अभ्यासले मद्दत पुऱ्याउने जनाइएको छ । नमुना उद्धार अभ्यासले विपद्को समयमा हुने संवेदनशीलताको विश्लेषण गरी सुरक्षामा खटिने टोलीलाई विपद् उद्धारमा लाग्न सहजीकरण हुने गरेको छ । उद्धार अभ्यासको अवलोकनपछि गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मनसुनको पूर्वसन्ध्यामा विपद्सम्बन्धी सम्भावित घटनाको उद्धार तथा कृत्रिम अभ्यासमार्फत आमनागरिकमा सचेतना अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

"गण्डकी प्रदेश प्राकृतिक रूपमा जति सुन्दर छ त्यति संवेदनशील छ । विविध भूगोल, नदी, तालतलैया तथा कमजोर भौगर्भिक संरचनाका कारण मनसुन सुरु भएसँगै बाढीपहिरो, डुबान, हावाहुरीलगायत विपद्का जोखिम हरेक वर्ष बढ्दो छ", उहाँले भनुभयो, "सम्भावित जनधनको क्षति न्यूनीकरण गर्न पूर्वतयारी, पूर्वसूचना प्रणाली, उद्धार क्षमता अभिवृद्धि र समुदायस्तरको सचेतना आजको आवश्यकता हो ।"

हावाहुरी, आकस्मिक वर्षा तथा मौसम प्रतिकूल हुँदा ताल क्षेत्रमा हुने दुर्घटनाले जनधनको क्षति हुने गरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । विपद् व्यवस्थापनमा प्रभावकारी बनाउन पूर्वतयारी सबैभन्दा महत्वपूर्ण र उत्कृष्ट विकल्पका रूपमा रहेको उहाँको भनाइ छ । "बाढीपहिरो, डुबान, आगलागी तथा ताल क्षेत्रमा हुने दुर्घटनाको जोखिम भएका स्थानमा समुदायस्तरमा नियमित सचेतना, तालिम र अभ्यास कार्यक्रम सञ्चालन गर्न आवश्यक छ", मुख्यमन्त्री पाण्डेले भनुभयो ।

प्रदेश सरकारको सहयोगमा फेवाताल र बेगनास तालमा (उद्धार) वाच टावर निर्माण गरिएको छ । सुरक्षा निकायमार्फत सञ्चालन हुने उद्धार डुङ्गा (बोट) हरू पनि हस्तान्तरण गरिएको छ । गण्डकी प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई उच्च प्राथमिकतामा राख्दै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा जिल्ला विपद् व्यवस्थापन समितिसँगको समन्वय र सहकार्यमा प्रत्येक वर्ष विपद् पूर्वतयारी तथा कृत्रिम अभ्यास कार्यक्रम सञ्चालन गर्दै आएको छ । उद्धार सामग्री खरिद तथा व्यवस्थापन, राहत वितरण, गोताखोर तालिम, कम्युनिटी सर्च एण्ड रेस्क्यू तालिम, विपद् व्यवस्थापन सिमुलेशन अभ्यासलगायत कार्यक्रम नियमित रूपमा सञ्चालन भइरहेका छन् । प्रदेशस्थित गोदाम घरमा विपद् उद्धारका सामग्री भण्डार र आवश्यकताअनुसार सुरक्षा निकायलाई उद्धार सामग्री हस्तान्तरण गरिएको छ ।

प्रदेश विपद् कार्यकारी समितिको निर्णयअनुसार प्रदेश विपद् व्यवस्थापन कोषमार्फत जिल्ला विपद् व्यवस्थापन समितिहरूलाई रकम उपलब्ध गराउने कार्य भइरहेको छ । जिल्ला विपद् व्यवस्थापन समितिमार्फत तत्काल राहत तथा उद्धार कार्य प्रभावकारी बनाउन ११ वटै जिल्लाको विपद् व्यवस्थापन कोषमा रु १०/१० लाख तथा प्रदेशस्तरमा रु १० करोड नघट्ने गरी विपद् व्यवस्थापन कोष सञ्चालन गरिएको छ ।

# कालाञ्जरमा खगोल अध्ययन केन्द्र सञ्चालनको तयारी

**पोखरापत्र संवाददाता**
पर्वत, ९ जेठ

समुद्री सतहबाट तीन हजार ३०० मिटरको उचाइमा रहेको पर्वतको प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल कालाञ्जर पहाडमा खगोल अध्ययन केन्द्र सञ्चालन गर्ने तयारी थालिएको छ ।

कालाञ्जर पहाड जिल्लाको सबैभन्दा उचाइमा रहेको स्थान भएकाले विज्ञान, प्रविधि तथा पर्यटन प्रवर्द्धनलाई एकसाथ जोड्ने उद्देश्यसहित जलजला गाउँपालिकाले खगोल अध्ययन केन्द्र स्थापना गर्न थालेको हो ।

खगोल विज्ञानसँग सम्बन्धित विज्ञ तथा इन्जिनियरको सहयोगमा आवश्यक अध्ययन, अनुसन्धान गरी अध्ययन केन्द्र स्थापना गर्न उपयुक्त स्थानका रूपमा पहिचान गरेर योजना अघि बढाइएको गाउँपालिकाले कार्यालयले जनाएको छ । एउटै स्थानबाट करिब एक दर्जन जिल्ला सदरमुकामको दृश्यावलोकन गर्न सकिने, नजिकबाट तारामण्डल र सौर्यमण्डल, ग्रह, उपग्रह, चन्द्रमालगायत आकाशीय पिण्डबारे अध्ययन, अवलोकन तथा जानकारी प्रदान गर्न सकिने भएकाले यो ठाउँ खगोल अध्ययन केन्द्र स्थापनाका लागि उपयुक्त रहेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाका जनप्रतिनिधि र विज्ञसहितको टोलीले भारतको नैनीतालस्थित खगोल अध्ययन केन्द्र अवलोकनपछि कालाञ्जरको योजना अघि बढाएको हो । केन्द्र स्थापनाका लागि योजना निर्माण गरी सङ्घीय सरकारको राष्ट्रिय योजना आयोग, तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)मा पेस गरिएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो । आगामी आर्थिक वर्षको बजेटमा उक्त विषय समावेश भई बजेट विनियोजन भएमा शीघ्र काम अघि बढाइने उहाँले बताउनुभयो ।

उक्त केन्द्र सञ्चालनमा आएपछि विद्यार्थी, अनुसन्धानकर्ता तथा आन्तरिक एवं बाह्य पर्यटकलाई ब्रह्माण्ड, ग्रह, नक्षत्र, तारापुञ्ज तथा आकाशीय घटनाबारे प्रत्यक्ष अवलोकन र अध्ययन गर्न सहज हुनेछ । कालाञ्जर क्षेत्रको भौगोलिक अवस्थिति, कम प्रकाश प्रदूषण तथा स्वच्छ आकाश खगोल अध्ययनका लागि उपयुक्त मानिएकाले केन्द्र स्थापना गर्न लागिएको अध्यक्ष आचार्यले जानकारी दिनुभयो ।

प्रारम्भिक चरणमा आधुनिक दूरबिन (टेलिस्कोप) जडान, खगोल अवलोकन प्लेटफर्म निर्माण तथा विज्ञानसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको छ । साथै विद्यालय तथा कलेजका विद्यार्थीलाई लक्षित गरी खगोल विज्ञानसम्बन्धी प्रशिक्षण, अन्तरक्रिया र अवलोकन कार्यक्रम सञ्चालन गरिने तयारी छ ।

स्थानीय टीका पुनले केन्द्र सञ्चालनमा आएपछि कालाञ्जर, हम्पाल र जलजला क्षेत्रको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । धार्मिक तथा प्राकृतिक महत्व बोकेको कालाञ्जर अब विज्ञान पर्यटनको केन्द्रका रूपमा परिचित बन्नसक्ने उहाँको भनाइ छ । सरोकार भएका निकायका अनुसार केन्द्र स्थापनासम्बन्धी आवश्यक प्राविधिक अध्ययन, सम्भाव्यता मूल्याङ्कन तथा साझेदारीका विषयमा छलफल भइरहेको छ । प्रारम्भिक चरणमा आधुनिक टेलिस्कोप जडान, सौर्यमण्डलको संरचनासम्बन्धी प्रदर्शनी कक्ष निर्माण तथा विद्यार्थीलाई लक्षित विज्ञानसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने विषयमा छलफल भइरहेको गाउँपालिकाका अध्यक्ष आचार्यले जानकारी दिनुभयो ।

सुरुआती चरणमा यहाँ पुग्ने अध्ययन, अनुसन्धानकर्ता र विद्यार्थीको आवासका लागि पालिकाले करिब रु एक करोड खर्च गरेर आवास निर्माण गरिसकेको छ भने हेलिप्याड, सडकमार्ग तयार भइसकेको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले जानकारी दिनुभयो ।

यहाँ खगोल अध्ययन केन्द्र स्थापनापछि विद्यार्थीले पुस्तकमा मात्र पढ्ने ग्रह, तारा, चन्द्रमा, सूर्यलगायत विषयकाबारेमा प्रत्यक्ष अवलोकन गर्न पाउने भएकाले विज्ञानप्रतिको रुचि बढ्ने भएको छ भने खगोल तथा अन्तरिक्ष विज्ञानबारे अनुसन्धान र अध्ययन गर्ने वातावरण तयार हुने अपेक्षा गरिएको छ । विद्यालय तथा कलेजका विद्यार्थीलाई प्रयोगात्मक शिक्षामा सहयोग पुग्नुका साथै विज्ञान र प्रविधिप्रति युवापुस्ताको आकर्षण बढेर नयाँ आविष्कार र अनुसन्धानतर्फ प्रेरणा मिल्ने स्थानीय शिक्षक नारायण मल्लले जानकारी दिनुभयो । यसैगरी, कालाञ्जर क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्नुका साथै होटल, यातायात, स्थानीय व्यापार तथा रोजगारीका अवसर वृद्धि हुने अपेक्षा गाउँपालिकाले गरेको छ । धार्मिक र प्राकृतिक पर्यटनसँगै 'विज्ञान पर्यटन' का रूपमा नयाँ पहिचान स्थापित हुनसक्ने भएकाले गाउँपालिकाले यसलाई उच्च प्राथमिकतामा राखेको अध्यक्ष आचार्यले जानकारी दिनुभयो । कालाञ्जर, हम्पाल र जलजला क्षेत्रको एकीकृत विकासका लागि मोदी गाउँपालिका र जलजला गाउँपालिकाले प्रदेश तथा सङ्घीय सरकारसँगको सहकार्यमा करोडौँ लगानी गरिसकेका छन् । जलजलामा रहेको समथर भू-भागमा कृत्रिम ताल निर्माणको योजना अघि बढाइएको छ ।

# छैटौँ संस्करणको अन्नपूर्ण म्याराथन जेठ २० मा : तीन दिनको पदमार्ग चार घण्टामा

**वासुदेव पौडेल**
गण्डकी, ९ जेठ/रासस

हिमाल आरोहणको इतिहासमा आठ हजार मिटरभन्दा बढी उचाइको अन्नपूर्ण प्रथम हिमालको आरोहण पछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएका कारण अन्नपूर्ण प्रथमलाई आरोहणको जेठो हिमालको उपमा दिइन्छ ।




हिमाल आरोहणको इतिहासमा पहिलोपटक सन् १९५० जुन ३ मा फ्रान्सेली नागरिक मौरिस हर्जोगले समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेसँगै विश्वमा हिमाल आरोहणले चासो र चर्चा पाएको थियो । हर्जोगको टोलीले अन्नपूर्ण हिमालको आरोहण म्याग्दीतर्फको उत्तरी आधार शिविरबाट गरेका थिए ।

हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै हिमाल आरोहणको क्रम बढ्यो नै यसले अन्नपूर्ण क्षेत्र विश्वव्यापी चासो र चर्चाको विषय बन्यो । अन्नपूर्ण प्रथम आरोहणको सफलतापछि सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए । अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै अन्नपूर्ण क्षेत्र क्रमिक रुपमा पदयात्राका लागि आकर्षक गन्तव्य बन्दै गएको पाइन्छ । हर्जोगको टोलीले अन्नपूर्ण प्रथमको आरोहण गरेसँगै गण्डकी प्रदेशमा पर्यटकीय गतिविधि बढेको र त्यसको एक दशकपछि सन् १९६० देखि पोखरामा 'हिप्पी' पर्यटकको आगमन भएको विषयले यहाँको पर्यटनसँग अन्नपूर्ण हिमाल प्रत्यक्ष रुपमा जोडिएको पर्यटनका जानकारहरू बताउँछन् । अन्नपूर्ण प्रथमको महिमा र गरिमालाई उजागर गर्नकै लागि अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले प्रत्येक २०७५ यता अन्नपूर्ण म्याराथन गर्दै आएको समितिका अध्यक्ष एवं म्याराथन संयोजक ललित गुरुङले बताउनुभयो । "अन्नपूर्ण हिमालको महिमा र गरिमालाई विश्वमाझ पुऱ्याउनका लागि २०७४ सालमा हामीले तत्कालीन प्रतिनिधिसभाका विकास समिति सभापति रविन्द्र अधिकारीको प्रमुख आतिथ्यतामा अन्नपूर्ण आधार शिविरमा पहिलोपटक अन्नपूर्ण महोत्सव गरेका थियौँ", उहाँले भनुभयो, "त्यसयता २०७५ देखि अन्नपूर्ण म्याराथन गर्दै आइएकोमा यस वर्ष जेठ २० गते (जुन ३) का दिन छैटौँ संस्करणको अन्नपूर्ण म्याराथन गर्न लागिएको छ ।" यस म्याराथनमा समुद्री सतहबाट चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरबाट दौडिएर धावकहरू ४२.१९५ किलोमिटर दूरीमा रहेको घान्द्रुकमा आउँछन् । समान्यतः पदयात्रीले तीन दिनको समय लगाउने यस पदमार्गमा पहिलो हुने धावकहरूले चार घण्टा बढीको समयमा यो दूरी पार गर्ने गरेका छन् । यसअघिका पाँचौं संस्करणसम्म प्रथम हुने धावकहरूले चार घण्टा १६ मिनेटदेखि चार घण्टा २७ मिनेटसम्ममा यो दूरी पार गरेको गुरुङले जानकारी दिनुभयो । "पदयात्राका क्रममा भने यो मार्ग पार गर्न तीन दिन लाग्छ", उहाँले भनुभयो, "पदयात्राका क्रममा पहिलो दिन पदयात्रीहरू आधार शविरबाट बम्बो या दोभान, दोस्रो दिन छोम्रोङ र तेस्रो दिन घान्द्रुक आउँछन् ।" अन्नपूर्ण आधार शिविरबाट सुरु हुने यो म्याराथन माछापुच्छ्रे आधार शिविर, बगर देउराली, हिन्कु केभ, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुँइले, कोलाँचे, कोम्रोङडाँडा, किम्रोङखोला उरी हुँदै घान्द्रुकमा पुगेर सम्पन्न हुने अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका सचिव मिकास गुरुङले जानकारी दिनुभयो । अन्नपूर्ण प्रथम हिमाल हिमाल आरोहणको ७६ वर्ष पुगेको जानकारी दिँदै उहाँले अघिल्लो पाँचौं संस्करणको म्याराथनलाई हीरक उत्सवका रुपमा मनाइएको बताउनुभयो । "यस संस्करणमा महिला तथा पुरुषतर्फ छुट्टाछुट्टै प्रतिस्पर्धाका लागि स्वदेशी एवं विदेशी धावकहरूले नाम दर्ता गराइरहनुभएको छ", उहाँले भनुभयो, "हालसम्म १३ विदेशीसहित ४० जना धावकहरूले नाम दर्ता गराइसक्नुभएको छ ।"

यस वर्ष अर्जेन्टिनाका चर्चित धावक पाब्लो उरेटाले पनि म्याराथनमा भाग लिने निश्चित भएको उहाँले जानकारी दिनुभयो । म्याराथनमा पुरुष तथा महिलातर्फ पहिलो, दोस्रा र तेस्रो हुने धावकहरूले क्रमशः रु एक लाख ५० हजार, एक लाख र ७५ हजार नगदसहित प्रमाणपत्र पाउने प्रचारप्रसार संयोजक टंकराज अधिकारीले जानकारी दिनुभयो । हिमाली भूगोल, साहसिक पदमार्गसँगै मनोरम प्राकृतिक सौन्दर्यका कारण यस म्याराथनप्रतिको आकर्षण बर्सेनि बढ्दै गएको उहाँको भनाइ छ । यस म्याराथनले अन्नपूर्ण प्रथमको मात्र नभएर समग्र गण्डकी प्रदेश र नेपालकै हिमाली पर्यटनमा विशिष्ट योगदान पुऱ्याउने उहाँले बताउनुभयो । आरोहणको जेठो हिमाल अन्नपूर्ण प्रथमसहित गण्डकी प्रदेशभित्र धेरै अग्ला तथा विभिन्न उचाइका हिमाल रहेर पनि गण्डकीमा हिमाल आरोहणले अपेक्षित गति लिन नसकेको अवस्था यस किसिमका गतिविधिले विशेष महत्व राख्ने उहाँको भनाइ छ । गण्डकी प्रदेशमा अन्नपूर्ण, धौलागिरि, मनास्लुजस्ता हिमशृङ्खला छन् । अन्नपूर्ण हिमशृङ्खलाअन्तर्गत सात हजार मिटरभन्दा बढी उचाइका अन्नपूर्ण पहिलोसहित, दोस्रो, तेस्रो र चौथो, अन्नपूर्ण साउथ, गङ्गापूर्ण, बराह शिखर हिमाल छन् । अन्नपूर्ण शृङ्खलाअन्तर्गत नै तिलिचो पिक, नीलगिरि, लम्जुङ आदि हिमाल रहेका छन् ।

# दश महिनामा पाँच लाख ७३ हजार बढी पर्यटक मुस्ताङ भित्रिए

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ जेठ

चालु आर्थिक वर्ष २०८२/८३ को दश महिनामा पाँच लाख ७३ हजार ९७७ जना पर्यटक मुस्ताङ भित्रिएका छन् । चालु आवको साउनदेखि वैशाखसम्म आन्तरिक तथा बाह्य गरी उक्त सङ्ख्यामा पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

दश महिनामा चार लाख २० हजार ८६ आन्तरिक र एक लाख ५३ हजार ८९१ जना बाह्य पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । आन्तरिकतर्फ दुई लाख १९ हजार ८१७ पुरुष र दुई लाख २६९ जना महिला पर्यटक मुस्ताङ भित्रिएका जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यसैगरी बाह्यतर्फ ९० हजार ९५७ पुरुष र बाँकी महिला पर्यटक मुस्ताङ भित्रिएका प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो ।

म्याग्दी र मुस्ताङको सिमाना थासाङ गाउँपालिका-४ घाँसास्थित प्रहरी चेक पोस्टमा प्रविष्ट भएको प्रहरी तथ्याङ्कअनुसार सबैभन्दा कम साउनमा १९ हजार ७९१ र सबैभन्दा बढी वैशाख महिनामा एक लाख पाँच हजार ५०३ जना आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बस्यालका अनुसार चालु आवको साउनदेखि वैशाख महिनासम्म कोरला सडकको म्याग्दी हुँदै एक लाख ३१ हजार ६७२ वटा विभिन्न प्रकारका सवारीसाधन मुस्ताङ भित्रिएका छन् । वसन्त ऋतुको आगमनसँगै अनुकूल पर्यटकीय याम चैत र वैशाख महिनामा सबैभन्दा बढी पर्यटक भित्रिएका उहाँको भनाइ छ ।

यसैगरी हिउँदयाम अघिको असोजमा ७५ हजार ५९९ र कात्तिकमा ८३ हजार ७६६ आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएको प्रहरी तथ्याङ्कले देखाएको छ । बर्खायामको सुरुवाती समयको अनुकूल याममा मुस्ताङ भ्रमण गर्नेको घुइँचो बढ्ने गरेको हो ।

अनुकूल यामको मौका छोपेर उल्लेख्य सङ्ख्यामा भारतीय पर्यटक र नेपाली पर्यटक मुक्तिनाथ मन्दिरको दर्शन गर्न आउने गरेका प्रहरी चेक पोस्टमा प्रविष्ट तथ्याङ्कले देखाएको छ । मुस्ताङ भित्रिएका बाह्य पर्यटकको सङ्ख्यामध्ये ८० प्रतिशत बढी भारतीय पर्यटक हुने गरेका प्रहरी निरीक्षक बस्यालको भनाइ छ ।

गत आर्थिक वर्षमा सात लाख पाँच हजार ७७९ जना पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । गतवर्ष भित्रिएका पर्यटकमध्ये पाँच लाख ५५ हजार ३२६ जना आन्तरिक र एक लाख ५० हजार ४५३ जना बाह्य रहेका प्रहरी निरीक्षक बस्यालले जानकारी दिनुभयो । चालु आवको भदौमा जेनजी युवाको आन्दोलन, अमेरिका-इजराइल र इरानबीचको मध्यपूर्वको द्वन्द्वका कारण मुस्ताङको पर्यटनमा आशिंक असर पुगेको उहाँको बुझाइ छ । बर्सेनि बढ्दो क्रममा पर्यटन आगमन रहेको छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा अवस्थित पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरको दर्शन गर्ने उद्देश्यले भारतीय र नेपाली पर्यटक मुस्ताङ आउने गर्दछन् ।

यसका साथै कागबेनीधाममा श्राद्ध र तर्पण गर्ने, कोरला नाका र लोमान्थाङको अवलोकन गर्ने उद्देश्यले मुस्ताङमा पर्यटकको उपस्थित हुने गरेको हो । यहाँको पृथक प्रकारको भूगोल, जैविक विविधता, प्राचीन कला संस्कृति, रहनसहन, हिमाली सौन्दर्यता र यहाँको विशेष प्रकारको मौलिकताका कारण मुस्ताङमा पर्यटकीय आकर्षण बढ्दै गएको सरोकार भएकाहरूले बताएका छन् ।